# शिक्षा तथा स्वास्थ्य समितिको आ.व. २०७८/७९ का निर्णयहरु

## समितिको मिति २०७८/०४/११ को बैठकको निर्णय

संघीय संसद, शिक्षा तथा स्वास्थ्य समितिको बैठक माननीय सभापति जयपुरी घर्तीको सभापतित्वमा बसी देहायबमोजिमको निर्णय गरियो ।

१ कोभिड—१९ को वर्तमान स्थिति, खोप व्यवस्थापन र सम्भावित तेस्रो लहरको सम्बन्धमा माननीय स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री उमेश श्रेष्ठ, मन्त्रालयका सचिव श्री लक्ष्मण अर्याल र सहसचिव डा. गुणराज लोहनीसँग छलफल गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई देहायबमोजिमका सुझावहरु दिइयोः-

क) कोभिड १९ को खोपको व्यवस्थापनलाई प्राथमिकतामा राख्दै सोको व्यवस्थित वितरण, खोपकेन्द्रको विस्तार र उपलव्धतालाई सरल र सहज बनाउनुपर्ने,

ख) कोभिड १९ को संभावित तेस्रो लहरको नियन्त्रण गर्न पूर्वतयारी गर्नुपर्ने,

ग) कोभिड १९ को उपचारमा केही निजी अस्पतालहरुले अधिक शुल्क लिने गरेकोले सोको अनुगमन गरी नेपाल सरकारले निर्धारण गरेबमोजिम शुल्क लिने व्यवस्था गर्ने,

घ) कोभिड १९ को असहज परिस्थितिमा बिरामीले सहज उपचार पाउनको लागि थप स्वास्थ्यकर्मीहरुको व्यवस्था गर्नुपर्ने,

ङ) कोभिड १९ को संक्रमणवाट बच्नको लागि जुलुस, जात्रा, मेलाजस्ता भीडभाडयुक्त कार्यक्रमहरुलाई निरुत्साहित गर्नुपर्ने,

च) कोभिड १९ को संक्रमणको त्रासले मानसिक रुपमा परेको असरलाई न्यूनिकरण गर्न परामर्श सेवा दिने व्यवस्था गर्नुपर्ने,

छ) नेपालको संविधानमा व्यवस्था भएअनुसार नागरिकको आधारभूत शिक्षा र स्वास्थ्यमा पहुँच अभिबृद्धिका लागि चुस्त र दुरुस्त अनुगमन गर्नुपर्ने ।

२ महाराजगञ्जस्थित निर्माणाधीन सुरेश वाग्ले मेमोरियल क्यान्सर केन्द्रको भवन निरीक्षण गर्ने,

३ समितिको अर्को बैठक मिति २०७७/०४/१३ गते बिहान ११:०० बजे बस्नेगरी आजको बैठक स्थगित भयो ।

## समितिको मिति २०७८/०४/१३ को बैठकको निर्णय

संघीय संसद, शिक्षा तथा स्वास्थ्य समितिको बैठक माननीय सभापति जयपुरी घर्तीको सभापतित्वमा बस्यो । बैठकमा कोभिड १९ को जोखिम रहिरहेको अवस्थामा विभिन्न तहको परीक्षा सञ्चालन गर्ने सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवलगायत अन्य पदाधिकारीहरुसँग छलफल गरी देहायबमोजिमको सुझाव तथा निर्देशन दिने निर्णय भयोः-

१ कोभिड १९ को जोखिम रहेकै अवस्थामा परीक्षा सञ्चालन गर्नुपर्ने बाध्यता रहेकोले परीक्षा हलमा भीडभाड कम गर्न परीक्षा केन्द्रको संख्या बढाउने व्यवस्था गर्ने,

२ परीक्षार्थीहरुको कोभिड १९ को परीक्षण गरी संक्रमित देखिएमा परीक्षा दिन सक्नेहरूले छुट्टै कोठामा बसेर दिने व्यवस्था गर्ने र परीक्षा दिन नसक्नेहरुको लागि छुट्टै परीक्षा लिने व्यवस्था गर्ने,
३ कक्षा १२ को परीक्षार्थीहरु, स्नातक तह र स्नातकोत्तर तहका परीक्षार्थीहरुलाई खोपको व्यवस्था गर्न सुझाव दिने,
४ परीक्षा केन्द्रमा स्वास्थ्यकर्मी, आधारभूत स्वास्थ्य सामग्री र औषधीको व्यवस्था गर्ने,
५ पोखरा विश्वविद्यालयका स्नातक तहलाई सिनेटबाट मान्यता दिन विगत चार वर्षदेखि ढिलाइ भएकोले यो समस्या यथाशीघ्र समाधान गर्ने व्यवस्था गर्ने ।

**<u>समितिको मिति २०७८/०४/२१ गतेको बैठकको निर्णय</u>**

संघीय संसद, शिक्षा तथा स्वास्थ्य समितिको बैठक माननीय सभापति जयपुरी घर्तीको सभापतित्वमा बसी देहायको विषयमा निर्णय गरियोः-

१. कोभिड १९ को संक्रमण बढिरहेको अवस्थामा आम जनतालाई खोप लगाउने सम्वन्धमा प्रभावकारी खोप व्यवस्थापनका लागि व्यवस्थित खोप वितरण, लक्षित समूह पहिचान, फ्रण्टलाईनमा खटिनेलाई प्राथमिकतामा राखिनुपर्ने विषयमा छलफल गरियो ।
२. आईसियु, भेण्टिलेटर, अक्सिजनलगायतका स्वास्थ्य सामाग्रीको उचित व्यवस्थापनका सम्बन्धमा छलफल गरियो ।
३. समितिले कोभिड १९ को खोपका सम्बन्धमा विगतमा दिइएको निर्देशन पुनःस्मरण गराउँदै कार्यान्वयनमा जोड दिइयो ।
४. बढ्दो संक्रमण नियन्त्रण तथा व्यवस्थापनको लागि विज्ञको सहयोग लिई अगाडि बढ्ने सम्बन्धमा छलफल गरियो ।

**<u>समितिको मिति २०७८/०४/२२ गतेको बैठकको निर्णय</u>**

संघीय संसद, शिक्षा तथा स्वास्थ्य समितिको बैठक माननीय सभापति जयपुरी घर्तीको सभापतित्वमा बसी देहायको निर्णय गरियोः-

वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा भएको वेथितिको अन्त्य र दोषीलाई कारवाही लगायतका माग राखी सम्बन्धित चिकित्सक, कर्मचारी, विद्यार्थी, नागरिक अगुवा र स्थानीय बासिन्दा लामो समयदेखि आन्दोलित भएको सन्दर्भमा सम्बन्धित निकायबाट यथोचित समाधान नभई विरामीहरुले आधारभूत स्वास्थ्य सेवाबाट बञ्चित हुनु परेको र विद्यार्थीहरुको अध्ययनको वातावरण विथोलिएको विषयमा समितिको गम्भीर ध्यानाकर्षण भई सम्बन्धित मन्त्रालयका राज्यमन्त्रीको उपस्थितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव बैकुण्ठ अर्यालको नेतृत्वमा गठित ८ सदस्यीय अध्ययन टोलीले तयार पारेको "वि.पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान समस्या पहिचान तथा छानबिन कार्यदलको प्रतिवेदन" को सम्बन्धमा जानकारी लिइयो ।

**समितिको मिति २०७८/०५/०४ गतेको बैठकको निर्णय**

संघीय संसद, शिक्षा तथा स्वास्थ्य समितिको बैठक माननीय सभापति जयपुरी घर्तीको सभापतित्वमा बसी देहायको निर्णय गरियोः-

समितिको आजको बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्री रामप्रसाद थपलिया, सहसचिव श्री दीपक शर्मा, सहसचिव श्री युवराज सुवेदी, राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष प्रा.डा. चन्द्रमणि पौडेल, राष्ट्रिय परीक्षा बोर्डका सदस्य सचिव श्री दुर्गाप्रसाद अर्याल र ईञ्जिनियरिङ्ग अध्ययन संस्थानका डीन प्रा.डा. शशीधर राम जोशी र सहायक डीन प्रा.डा. ज्ञानबहादुर थापासँग कक्षा १२ को परीक्षा र ईञ्जिनियरिङ्ग कलेजहरुको शुल्कका सम्बन्धमा छलफल गरियो ।

**समितिको मिति २०७८/०५/०८ गतेको बैठकको निर्णय**

संघीय संसद, शिक्षा तथा स्वास्थ्य समितिको बैठक माननीय सभापति जयपुरी घर्तीको सभापतित्वमा बसी देहायको निर्णय गरियोः-

समितिको आजको बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्री रामप्रसाद थपलिया र मन्त्रालयका सहसचिव श्री हरिप्रसाद लम्सालसँग कक्षा १२ को परीक्षा र ईञ्जिनियरिङ्ग कलेजहरुको शुल्कका सम्बन्धमा छलफल गरी देहायबमोजिमका निर्देशनहरु दिइयोः-

१. अन्य तहका परीक्षाहरु संचालन भइरहेको अवस्थामा कक्षा १२ को परीक्षा मात्र पटकपटक स्थगित हुँदा विद्यार्थीहरुमा भविष्यप्रतिको चिन्ता थपिनुका साथै मानसिक असर पनि परिरहेकोले खोपको व्यवस्थापन गर्दै स्वास्थ्य मापदण्ड र भौतिक दुरी कायम गरी यथाशीघ्र होम सेन्टरमै परीक्षा गराउने व्यवस्था गर्ने,

२. इञ्जिनियरिङ्ग कलेजहरुको विवादित शुल्कको विषयमा कोभिड १९ को संक्रमण कायमै रहेको अवस्थामा अन्य क्रियाकलाप नभएकोले पढाइ शुल्कबाहेक अन्य शुल्क नलिने व्यवस्था गर्ने।

**समितिको मिति २०७८/०५/१० गतेको बैठकको निर्णय**

संघीय संसद, शिक्षा तथा स्वास्थ्य समितिको बैठक माननीय सभापति जयपुरी घर्तीको सभापतित्वमा बस्यो ।

समितिको आजको बैठकमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका राज्यमन्त्री माननीय उमेश श्रेष्ठ र स्वास्थ्य सेवा विभागका महानिर्देशक डा.आर.पि. विच्छा लगायतका पदाधिकारीहरुसँग कक्षा १२ को परीक्षार्थीलाई खोप दिने सम्बन्धमा छलफल गरी देहायबमोजिमको निर्देशन दिइयोः—

"कक्षा १२ को परीक्षामा सहभागी हुने परिक्षार्थीहरुलाई छिटो भन्दा छिटो कोभिड १९ को खोप दिएर परिक्षामा सहभागी गराउने व्यवस्था गर्ने"

**<u>समितिको मिति २०७८/०५/२० गतेको बैठकको निर्णय</u>**

संघीय संसद, शिक्षा तथा स्वास्थ्य समितिको बैठक माननीय सभापति जयपुरी घर्तीको सभापतित्वमा बस्यो ।

समितिको आजको बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्री रामप्रसाद थपलिया, सहसचिव डा. हरिप्रसाद लम्साल र चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष प्रा.डा. श्रीकृष्ण गिरी, निर्देशक प्रा.डा. संघरत्न बज्राचार्य, निर्देशक प्रा.डा. रमेशप्रसाद आचार्यसँग राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को छात्रवृत्ति सम्बन्धमा छलफल गरी देहायबमोजिमको निर्देशन दिइयोः—

१. राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को छात्रवृत्ति सम्बन्धमा बनेको नियम २० को उपनियम (५) मा उल्लेख भएको "अन्य विद्यालयबाट" भन्ने शब्द हटाई सरकारी विद्यालयबाट उत्तीर्ण उम्मेदवारलाई मात्र छात्रवृत्ति उपलब्ध गराउने गरी नियमावलीमा आवश्यक संशोधन गर्ने,

२. सोही नियमावलीको नियम २० को उपनियम (६), (७) र (८) को सन्दर्भमा सरकारी विद्यालयबाट आएका लक्षित वर्ग, समुदायलाई मात्र छात्रवृत्ति पाउने गरी नियमावली संशोधन गर्ने र "अन्य" भन्ने शब्द झिक्ने,

३. चिकित्सा शिक्षा सम्वन्धी शैक्षिक क्यालेण्डर छिट्टै प्रकाशित गर्ने ।

**<u>समितिको मिति २०७८/०६/०६ गतेको बैठकको निर्णय</u>**

संघीय संसद, शिक्षा तथा स्वास्थ्य समितिको बैठक माननीय सभापति जयपुरी घर्तीको सभापतित्वमा बस्यो ।

समितिको आजको बैठकमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका राज्यमन्त्री माननीय उमेश श्रेष्ठ, महाशाखा प्रमुख डा. गुणराज लोहनी र इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका प्रमुख डा. कृष्णप्रसाद पौडेलसँग डायलिसिसका सम्बन्धमा छलफल गरी देहायबमोजिमको निर्देशन तथा सुझावहरु दिइयोः—

**समितिको निर्देशन**

१. डायलिसिस मेशिनको सङ्ख्या बढाउने प्रक्रियालाई तुरुन्त कार्यान्वयनमा लैजाने ।
२. मृगौला प्रत्यारोपण सेवालाई सहज र छिटो हुने व्यवस्था गर्ने ।
३. सामान्यतया सुगरको रोग र उच्च रक्तचापका कारणबाट मृगौलासम्बन्धी रोग लाग्ने भएकोले जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरेर मृगौलासम्बन्धी रोगबाट बच्ने उपायका सम्बन्धमा सर्वसाधारण जनतालाई जानकारी गराउने व्यवस्था गर्ने ।
४. नेपालमा नेफ्रोलोजिष्टको दरवन्दी सङ्ख्या कम भएकोले समयसापेक्ष बृद्धि गर्ने ।

**समितिको सुझाव**

१. मृगौला सम्बन्धी सम्पूर्ण काम हुने विशेष अस्पताल बनाउनुपर्ने ।
२ स्कुलको पाठ्यक्रममा थप स्वास्थ्यसम्बन्धी जानकारी समावेश गरी समयसापेक्ष बनाउनुपर्ने ।

## समितिको मिति २०७८/०६/१० गतेको बैठकको निर्णय

संघीय संसद, शिक्षा तथा स्वास्थ्य समितिको बैठक माननीय सभापति जयपुरी घर्तीको सभापतित्वमा बस्यो । आजको बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्री रामप्रसाद थपलिया, सहसचिव डा. हरि लम्सालसँग चीन र जापानमा अध्ययनरत र अध्ययन गर्न जाने प्रकृयामा रहेका नेपाली विद्यार्थीहरुका समस्या, मणिपाल कलेज र चिकित्सा शिक्षासँग सम्बन्धित कर्मचारीका छोराछोरी र स्थानीयबासीले पाउने आरक्षणका सम्बन्धमा छलफल भयो ।

**निर्देशनहरुः**

१. चीनमा अध्ययन गर्न गएका विद्यार्थीहरु कोभिड-१९ का कारणले नेपाल आई अनलाइन कक्षा पढिरहेको अवस्थामा नेपाल सरकारले चीन सरकारसँग कूटनीतिक पहल गरी चीनमा पठाउने व्यवस्था गर्ने । यदि तत्काल पठाउन नसक्ने हो भने मेडिकल र ईन्जिनियरिङ्ग विषयमा पढ्ने विद्यार्थीहरुलाई प्रयोगात्मक अभ्यास गर्न समस्या भएकोले विद्यार्थीहरुको लागि समाधानको उपाय खोजी गर्नु पर्ने ।

२. चीनमा अध्ययनरत सैद्धान्तिक कोर्ष पूरा गरेका नेपाली विद्यार्थीहरुलाई इन्टर्नसिपको व्यवस्था गर्ने र सैद्धान्तिक कोर्ष पूरा नभएका र अन्य विद्यार्थीहरुको हकमा सम्बन्धित मुलुकमा पठाउन आवश्यक पहल गर्ने ।

३. नेपाल सरकारले जापानमा अध्ययन गर्नका लागि No Objection Certificate (NOC) दिएको र जापान सरकारले पनि Certificate of Entry (COE) र भिसा पाएका विद्यार्थीहरुलाई पठाउन कूटनीतिक पहल गर्नुपर्ने ।

४. नेपाल सरकार र मणिपाल कलेजबीच भएको सम्झौता शिक्षा तथा स्वास्थ्य समितिमा उपलब्ध गराउने र सो सम्बन्धमा मणिपाल कलेज विक्री भएको भन्ने समाचारहरु आएकोले सो विषयमा सत्यतथ्य बुझी समितिलाई जानकारी गराउनुपर्ने ।

## समितिको मिति २०७८/०६/१२ को बैठकको निर्णयः

संघीय संसद, शिक्षा तथा स्वास्थ्य समितिको बैठक माननीय सभापति जयपुरी घर्तीको सभापतित्वमा बस्यो ।

आजको बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्री रामप्रसाद थपलिया, चिकित्सा शिक्षा आयोगका कार्यकारी उपाध्यक्ष प्रा. डा. श्री श्रीकृष्ण गिरी लगायत आयोगका अन्य पदाधिकारीहरुसँग चिकित्सा शिक्षासँग सम्बन्धित कर्मचारीका छोराछोरी र स्थानीयबासीले पाउने आरक्षणका सम्बन्धमा वृहत छलफल गरी देहायबमोजिमका निर्णयहरु गरियोः-

१ चिकित्सा शिक्षासँग सम्बन्धित कर्मचारीहरु तथा स्थानीयबासीको आरक्षणका सम्बन्धमा चिकित्सा शिक्षा आयोगले सम्माननीय प्रधानमन्त्रीज्यूसँग सल्लाह गरी चिकित्सा शिक्षा ऐनबमोजिम नियमावलीमा संशोधन गरी आरक्षणको व्यवस्था गर्न आयोगलाई निर्देशन दिइयो ।

२ मृगौला सम्बन्धी समस्याबारे अनुकूल समयमा अन्तर्क्रिया गर्ने निर्णय गरियो । साथै, सो अन्तर्क्रिया कार्यक्रमको मिति तय गर्न सभापतिलाई जिम्मा दिने निर्णय गरियो ।

**समितिको मिति २०७८/०६/१८ को बैठकको निर्णयः**

प्रतिनिधि सभाअन्तर्गतको शिक्षा तथा स्वास्थ्य समितिका ज्येष्ठ सदस्य माननीय मानबहादुर विश्वकर्माको सभापतित्वमा बसेको समितिको आजको बैठकमा काठमाण्डौं स्कुल अफ ल का प्रतिनिधि श्री खगेन्द्र प्रसाईले सिकाइका वैकल्पिक उपायबारे आफ्नो प्रस्तुतीकरण पेश गर्नुभयो र सोही विषयमा समितिमा छलफल पनि गरियो।

**समितिको मिति २०७८/०८/१७ को बैठकको निर्णयः**

संघीय संसद, शिक्षा तथा स्वास्थ्य समितिको बैठक माननीय सभापति जयपुरी घर्तीको सभापतित्वमा बस्यो ।

समितिको आजको बैठकमा समितिको आगामी कार्यसूची लगायतका विषयमा छलफल भयो ।

समितिको अर्को बैठक मिति २०७८/०८/१९ गते आईतबार दिनको १:३० बजे बस्ने गरी आजको बैठक स्थगित भयो ।

**समितिको मिति २०७८/०८/१९ को बैठकको निर्णयः**

शिक्षा तथा स्वास्थ्य समितिको बैठक समितिका सभापति मानननीय जयपुरी घर्तीको सभापतित्वमा बस्यो । आजको बैठकमा माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री विरोध खतिवडा, निमित्त सचिव डा. गुणराज लोहनी, स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. दिपेन्द्ररमण सिंह, परिवार कल्याण महाशाखाका निर्देशक डा. विवेक कुमार लाल र इडिसिडीका शाखा प्रमुख डा. अमृत पोखरेलको उपस्थितिमा कोभिड-१९ को नयाँ भेरियन्ट (ओमिक्रोन), कोभिड-१९ को खोप र स्वास्थ्य सामग्रीका सम्बन्धमा छलफल गरी देहायबमोजिमको निर्देशन दिने निर्णय भयोः-

१. कोभिड–१९ को नयाँ भेरियन्ट (ओमिक्रोन)बाट बच्न/बचाउन आवश्यक पूर्व तयारी गर्ने ।

२. जेष्ठ नागरिक, अपाङ्ग र अशक्त नागरिकलाई घरघरमै पुगी कोभिड–१९ को खोप लगाउने व्यवस्था गर्नुका साथै नागरिकले सहज र सरल ढङ्गले खोप लगाउन पाउने व्यवस्थासमेत गर्ने ।

३. भारतमा पनि नयाँ भेरियन्ट (ओमिक्रोन) को सङ्क्रमण देखिएकोले भारतबाट नेपाल प्रवेश गर्ने व्यक्तिहरुलाई नाकाहरुमा चेकजाँच गरी खोप लगाएको कार्ड र पि.सि.आर. रिपोर्ट देखाएरमात्र प्रवेश पाउने व्यवस्था गर्ने ।

समितिको आगामी बैठक अर्को सूचना भएपछि बस्ने गरी स्थगित भयो ।

**समितिको मिति २०७८/०९/०८ को बैठकको निर्णयः**

संघीय संसद, शिक्षा तथा स्वास्थ्य समितिको बैठक माननीय सभापति जयपुरी घर्तीको सभापतित्वमा बस्यो ।

आजको बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री मा. देवेन्द्र पौडेल, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका राज्यमन्त्री मा. उमेश श्रेष्ठ, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव (शिक्षा) श्री यादवप्रसाद कोइराला, सहसचिव श्री दीपक शर्मालगायत मन्त्रालयका अन्य पदाधिकारीहरुसँग संघीय शिक्षा ऐन र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् ऐनका सम्बन्धमा वृहत छलफल गरी निम्नानुसारको निर्णय गरियोः-

१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई देहायबमोजिमको निर्देशन दिइयोः-
   - संघीय शिक्षा विधेयक यथाशक्य चाँडो संसदमा पेश गर्ने,
   - केही मेडिकल कलेजहरुले बढी शुल्क लिइरहेको सम्बन्धमा सत्यतथ्य बुझी समस्या समाधान गर्ने,
   - समितिको मिति २०७७/०२/२९ गतेको SEE खारेज गर्न दिएको निर्देशन कार्यान्वयन गर्ने,
   - बाल विकासमा कार्यरत शिक्षकहरुलाई सरकारले निर्धारण गरेबमोजिमको न्यूनतम पारिश्रमिक केही स्थानीय तहहरुले उपलब्ध नगराएको सम्बन्धको गुनासो सम्बोधन गर्ने ।

२. प्राविधिक तथा व्यवसायिक शिक्षासम्बन्धी अन्तर्क्रियाको मिति तोक्ने जिम्मेवारी समिति सभापति लाई दिइयो ।

समितिको अर्को बैठक सूचना भएपश्चात बस्ने गरी आजको बैठक स्थगित भयो ।

**<u>२०७८/१०/०४ गतेको बैठकको निर्णय</u>**

सङ्घीय संसद, प्रतिनिधि सभाअन्तर्गतको शिक्षा तथा स्वास्थ्य समितिको सभापति माननीय जयपुरी घर्तीको सभापतित्वमा समितिको बैठक बस्यो । आजको बैठकमा कोभिड-१९ को नयाँ भेरियन्ट(ओमिक्रोन) को सम्बन्धमा माननीय स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री भवानीप्रसाद खापुङ, सचिव डा. रोशन पोखरेल, EDCD का प्रमुख डा. कृष्ण पौडेललगायतका पदाधिकारीहरुसँग व्यापक छलफल गरी यसको समाधान, व्यवस्थापन, उपचार, रोकथाम र नियन्त्रणको लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई निम्न निर्देशन दिने निर्णय भयो ।

१ खोप केन्द्रको विस्तार गर्ने र आमजनतालाई कोभिड-१९ को खोप छिटो, छरितो र प्रभावकारी ढङ्गले उपलब्ध गराउने ।

२ सर्वसाधारणहरुको भीडभाड कम गर्न आवश्यक व्यवस्था गर्ने ।

३ कोरोनाको जोखिम अधिक भएका जिल्लाहरुमा Contact Tracing लाई प्रभावकारी बनाउने र PCR Test को दायरा बढाउने ।

४ कोभिड १९ को उपचार रोकथाम र नियन्त्रणको कार्यलाई प्रभावकारी बनाउन संघ, प्रदेश र स्थानीय तह विचको समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने ।

५ कोभिड-१९ नियन्त्रणका लागि सबै सरोकारवाला पक्षहरुसँग समन्वय र सहकार्य गर्ने ।

६ सबै अस्पतालहरुमा आई.सि.यू., भेन्टीलेटर र अक्सिजनको व्यवस्था गर्ने ।

७ नेपाल भारत सीमा नाकाहरुमा स्थापित होल्डिङ सेन्टरहरु सञ्चालनका लागि आवश्यक प्रबन्ध मिलाउने ।

८ प्रत्येक प्रदेशमा खोप भण्डारणको व्यवस्था गरी खोप भण्डारणलाई प्रभावकारी बनाउने ।

९ कोभिड-१९का बिरामीको उपचारमा खटिएका डाक्टर, नर्सलगायत सबै स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य सुरक्षा सामग्री र जोखिम भत्ता तुरुन्त उपलब्ध गराउने ।

१० अस्पतालहरुमा आवश्यकताअनुसार दक्ष जनशक्तिको व्यवस्थापन गर्ने ।

११ PCR Test को शुल्क अधिक भएको जनगुनासोलाई सम्बोधन गर्न सबै अस्पतालहरुले PCR Test को शुल्क समायोजन गर्ने ।

१२ कोभिड-१९ को उपचारमा आवश्यक औषधीको कालोबजारी नियन्त्रणका लागि अनुगमन प्रभावकारी बनाउने ।

१३ खोप वितरणको अभिलेखलाई चुस्त र दुरुस्त राख्ने ।

१४ अशक्त, अपाङ्ग, ज्येष्ठ नागरिक र बालबालिकाहरुलाई घरमै खोप लगाउने व्यवस्था मिलाउने ।

**समितिको मिति २०७८/११/०३ को बैठकको निर्णयः**

संघीय संसद, प्रतिनिधि सभा अन्तर्गत गठित शिक्षा तथा स्वास्थ्य समितिको बैठक माननीय सभापति जयपुरी घर्तीको सभापतित्वमा बस्यो ।

आजको बैठकमा युवा तथा खेलकुद मन्त्री मा. महेश्वरजंग गहतराज (अथक), सचिव डा. दामोदर रेग्मी लगायत मन्त्रालयका अन्य पदाधिकारीहरुसँग मन्त्रालयको आगामी योजनाका सम्बन्धमा वृहत छलफल भयो ।

आजको बैठकमा युवा तथा खेलकुद मन्त्रालयलाई निम्न सुझाव दिने निर्णय गरियो ।

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद कार्यक्रम सञ्चालनको लागि पूर्ण तयारी गर्ने ।
२. राष्ट्रिय खेलकुद परिषद्को पदाधिकारी नहुँदा कार्ययोजना कार्यान्वयनमा समस्या देखापरेकोले कानूनी ढङ्गले छिटो समाधान गर्ने ।
३. एक स्थानीय तह, एक खेलमैदानको नीति तदारुकतासाथ लागू गर्नु पर्ने ।
४. ऐन अनुसारको नियमावली तयार गरी कार्यान्वयनमा जानु पर्ने ।

**<u>समितिको मिति २०७८/११/२३ गतेको बैठकको निर्णयः</u>**

शिक्षा तथा स्वास्थ्य समितिको बैठक समितिका सभापति माननीय जयपुरी घर्तीको सभापतित्वमा बस्यो । बैठकमा नोबेल मेडिकल कलेज, विराटनगरले अतिरिक्त शुल्क लिएको र विद्यार्थीहरुले अध्ययनको लागि अन्य कलेजमा स्थानान्तरणको माग राखी गरिरहेको आन्दोलनका सम्वन्धमा चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष डा० श्रीकृष्ण गिरी, सदस्य सचिव डा० भोजराज काफ्ले र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव डा० हरिप्रसाद लम्साललगायतका पदाधिकारीहरुसँग छलफल गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र चिकित्सा शिक्षा आयोगलाई निम्नबमोजिमको निर्देशन दिने निर्णय गरियोः-

१ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, चिकित्सा शिक्षा आयोग र काठमाडौं विश्वविद्यालयले नोवेल मेडिकल कलेज प्रशासन, स्थानीय जनप्रतिनिधि र सरोकारवालाहरुसँग छलफल गरी नोबल मेडिकल कलेज, विराटनगरमा अध्ययनरत विद्यार्थीहरुलाई भौतिक र मानसिक पीडा नदिई अतिरिक्त शुल्क लिएको भए फिर्ता गर्दै छात्राबासलाई स्वैच्छिक गरी एक हप्ताभित्र भयरहित वातावरणमा सो कलेजमा अध्ययन गर्ने व्यवस्था गर्ने । यदि सो व्यवस्था गर्न नसके अन्य विकल्पको खोजी गरी पठनपाठन सुचारु गर्ने ।

२ पीडित विद्यार्थीहरुको करिव तीन महिना छुटेको कक्षालाई अतिरिक्त कक्षा सञ्चालन गरी पठनपाठनलाई नियमित गर्ने व्यवस्था गर्ने ।

३ चिकित्सा शिक्षा आयोगले गरेको निर्णय र मिति २०७८।०९।०६ गते मोरङका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा थप शुल्क लिएको विषयमा नोबेल मेडिकल कलेजका प्रतिनिधि र अभिभावकहरुसँग भएको बैठकको निर्णय यथाशीघ्र कार्यान्वयन गराउने ।

समितिका अर्को बैठक पछि सूचना गरेपछि बस्ने गरी स्थगित भयो ।

## समितिको मिति २०७९/०२/०९ गतेको बैठकको निर्णयः

संघीय संसद, प्रतिनिधि सभाअन्तर्गत गठित शिक्षा तथा स्वास्थ्य समितिको बैठक माननीय सभापति जयपुरी घर्तीको सभापतित्वमा बसी देहायका निर्णयहरु गरियोः-

१ आजको बैठकमा समितिको बार्षिक प्रतिवेदन, २०७७/०७८ को मस्यौदामा छलफल गरी समितिका माननीय सदस्यहरुबाट दुई दिनभित्र प्राप्त भएका सुझावहरुलाई प्रतिवेदनमा समावेश गर्नेगरी समितिबाट प्रतिवेदन पास गरियो ।

२ समितिका अर्को बैठक मिति २०७९/०२/११ गते बस्नेगरी आजको बैठक स्थगित भयो ।

## समितिको मिति २०७९/०२/११ गतेको बैठकको निर्णयः

संघीय संसद, प्रतिनिधि सभा अन्तर्गत गठित शिक्षा तथा स्वास्थ्य समितिको बैठक माननीय सभापति जयपुरी घर्तीको सभापतित्वमा बस्यो ।

१. आजको बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री श्री बोधमायाकुमारी यादव, मन्त्रालयका सचिव (विज्ञान तथा प्रविधि) श्री प्रमिलादेवी बज्राचार्य, पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक श्री अणप्रसाद न्यौपाने, जनक शिक्षा सामग्री

केन्द्र (लि.) का प्रबन्ध निर्देशक श्री अनिलकुमार झा र मन्त्रालयका अन्य पदाधिकारीहरुसँग माध्यमिक तहको पाठ्यपुस्तकको छपाइ र वितरणमा देखिएका समस्याका सम्बन्धमा छलफल गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निम्न निर्देशन तथा सुझाव दिने निर्णय गरियो ।

**निर्देशन**

माध्यमिक तहको पाठ्यपुस्तक छपाइ र वितरणमा ढिलासुस्ती भई विद्यार्थीहरु पठनपाठनबाट बञ्चित हुने अवस्था आएकाले बैकल्पिक व्यवस्था गरेर भएपनि तत्कालै पाठ्यपुस्तक विद्यार्थीसमक्ष पुग्नेगरी व्यवस्था गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देशन गर्दछ ।

**सुझाव**

- पाठ्यपुस्तक छपाइ र वितरणमा ढिलासुस्तीले पैदा गरेको समस्यालाई दीर्घकालीन हल गर्नका लागि आवश्यक प्रणाली परिवर्तन गरी समयमै छपाइ र वितरण गर्न गुरुयोजना बनाइ कार्यान्वयन गर्नुपर्ने ,

- पाठ्यपुस्तक छपाइ र वितरणमा देखिएको समस्याको दीर्घकालिन हल गर्न संवैधानिक व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहको अधिकार कार्यान्वयन गर्ने ।

२. समितिका अर्को बैठक पछि सूचना गरेपछि बस्ने गरी स्थगित भयो ।

## समितिको मिति २०७९/०२/१६ को बैठकको निर्णयः

संघीय संसद, प्रतिनिधि सभा अन्तर्गत गठित शिक्षा तथा स्वास्थ्य समितिको बैठक ज्येष्ठ सदस्य माननीय मानबहादुर विश्वकर्माको सभापतित्वमा बसी देहायबमोजिमका निर्णयहरु गरियोः-

१. आजको बैठकमा समितिको बार्षिक प्रतिवेदन, २०७८/०७९ को मस्यौदामा छलफल गरी समितिका माननीय सदस्यहरुबाट दुई दिनभित्र प्राप्त भएका सुझावहरुलाई प्रतिवेदनमा समावेश गर्नेगरी समितिबाट प्रतिवेदन पास गरियो ।

२. समितिका आगामी बैठक अर्को सूचना भएपछि बस्नेगरी आजको बैठक स्थगित भयो ।

## समितिको मिति २०७९/०३/०७ को बैठकको निर्णयः

शिक्षा तथा स्वास्थ्य समितिको बैठक समितिका सभापति माननीय जयपुरी घर्तीको सभापतित्वमा बस्यो । बैठकमा संघीय शिक्षा ऐनको मस्यौदा र माध्यमिक तहको पाठ्यपुस्तकको छपाई र वितरणका सम्बन्धमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेल, मन्त्रालयका सचिव यादवप्रसाद कोइराला, सहसचिव डा० हरिप्रसाद लम्साल, सहसचिव दीपक शर्मा, जनक शिक्षा सामग्री केन्द्र (लि.) का प्रबन्ध निर्देशक श्री अनिलकुमार झा र मन्त्रालयका उपसचिव डा. कुलप्रसाद खनाललगायतका पदाधिकारीहरुसँग छलफल गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निम्नबमोजिमको निर्देशन तथा सुझाव दिने निर्णय गरियोः-

**निर्देशनः**

- विद्यालयतहको अपुग पाठ्यपुस्तकहरु तुरुन्त छपाई र वितरण गर्ने समितिको मिति २०७९/०२/११ गतेको निर्देशन कडाईका साथ कार्यान्वयन गर्ने,
- संघीय शिक्षा विधेयक छिटो भन्दा छिटो संसदमा पेश गर्ने ।

**सुझावः**

- जनक शिक्षा सामाग्री केन्द्रलाई संरक्षण र विकसित गराउँदै लैजाने,
- दीर्घकालिन रुपमा समस्या समाधान गर्न समयमै टेन्डर, आपूर्तिकर्ताहरुसँग सम्झौता, छपाई-सामाग्रीहरुको व्यबस्थाको सुनिश्चितता कायम गर्ने र पाठ्यपुस्तकहरु विद्यालयसम्म समयमै पुर्याउन पूर्व-तयारी गर्ने ।

**समितिको मिति २०७९/०३/१३ को बैठकको निर्णयः**

संघीय संसद, प्रतिनिधि सभा अन्तर्गत गठित शिक्षा तथा स्वास्थ्य समितिको बैठक सभापति माननीय जयपुरी घर्तीको सभापतित्वमा बस्यो। उक्त बैठकमा कोरोना भाइरस (कोभिड -१९), हैजा रोगको सम्बन्धमा र औषधिको मूल्यवृद्धि सम्बन्धमा छलफल गरियो। उक्त छलफलमा ई.डी.सी.डीका महानिर्देशक डा. दीपेन्द्र रमण सिंह, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका डा. कृष्ण पौडेल, औषधि व्यवस्था बिभागका महानिर्देशक भरत भट्टराई, ई.डी.सी.डीका डा. चुमन लाल दास, डा. विवेक लाल, डा. निशान्त ठाकुर र औषधि व्यवस्था बिभागका श्री सन्तोष के.सी को उपस्थितिमा छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियोः-

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई दिइएका सुझावहरुM**

१. कोभिड १९ र हैजा रोग बढि रहेको अवस्थामा यसलाई भयावहको रुपमा फैलन नदिनको लागि मन्त्रालयलाई पूर्ण तयारीमा लाग्न सुझाव दिइयो ।

२. विगत देखि औषधी मूल्यवृद्धिमा विभिन्न टिप्पणी र आशंकाहरु आएका कारण औषधी खरिद र मूल्य समायोजन गर्दा गुणस्तरीय, विदेशी औषधिको सट्टा नेपालमा नै उत्पादित औषधिलाई मुख्य प्राथमिकता दिने, म्याद गुज्रीन लागेका औषधी खरिद नगर्ने र ऐन कानून भन्दा बाहिर गएर मूल्य निर्धारण नगर्न मन्त्रालयलाई सुझाव दिइयो .

**निर्णयः**

१. सुदूर पश्चिममा अवस्थित गेटा मेडिकल कलेज, कैलालीमा समितिबाट मिति २०७९ असार महिनाको उपयुक्त दिनमा स्थलगत अनुगमन, अध्ययन भ्रमण गर्ने निर्णय भयो।

२. समितिको स्थलगत अनुगमन, अध्ययन भ्रमण गर्न निम्न विषयहरुमा जानको लागि उपयुक्त समयमा सभापतिले तय गर्न सक्ने गरी सहमतिमा निर्णय गरियोः

    १. चिकित्सा शिक्षा ऐनको कार्यान्वयन, समस्या र प्रभावकारिताका बारे अन्तरक्रिया
    २. मणिपाल अस्पताल, पोखराको अनुगमन
    ३. कोरोनाको भौतिक संरचना र सामाग्रीहरुको अनुगमन
    ४. क्यान्सर रोग सम्बन्धी अन्तर्क्रिया कार्यक्रम

५. औषधीको सम्बन्धमा अनुगमन र निरीक्षण

समितिको आगामी बैठक अर्को सूचना भएपछि बस्नेगरी आजको बैठक स्थगित भयो ।

**समितिको मिति २०७९/०३/३० को बैठकको निर्णयः**

शिक्षा तथा स्वास्थ्य समितिको बैठक समितिको सभापति माननीय जयपुरी घर्तीको सभापतित्मा बस्यो । बैठकमा त्रिभुवन विश्वविद्यालयको स्नातकोत्तर तहको प्रश्नपत्र दोहोरिएको सम्बन्धमा छलफल गरियो। उक्त बैठकमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेल, त्रि.वि.का उपकुलपति प्रा.डा. धर्मकान्त बास्कोटा, त्रि.वि.का रेक्टर प्रा.डा. शिवलाल भुसाल, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उप-सचिव डा. कुलप्रसाद खनालको उपस्थिति रह्यो । उक्त बैठकको छलफलबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निम्न बमोजिमको निर्देशन दिने निर्णय गरियो :-

**निर्देशन :-**
त्रिभुवन विश्वविद्यालयका विभिन्न तहका परीक्षामा विगतका प्रश्नपत्र दोहोरिएको र गम्भीर लापरबाहीका कारण स्नातक तहको परीक्षामा नेप्लिज सोसाइटी एण्ड पोलिटिक्स विषयभित्र पाँचौ सेमेष्टरको सोसियोलोजी फर बिजिनेस विषयको प्रश्नपत्र परेकोले यस कार्यमा संलग्न दोषीलाई तत्कालै कडा कारवाही गर्ने र छानविन समितिले अझ गहिरो अध्ययन गरी छानबिन गर्ने ।

**<u>समितिको मिति २०७९/०३/३१ को बैठकको निर्णयः</u>**

शिक्षा तथा स्वास्थ्य समितिको बैठक समितिको सभापति माननीय जयपुरी घर्तीको सभापतित्मा बस्यो ।उक्त बैठकमा योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक २०७६ मा छलफल भयो।उक्त बैठकमा संशोधन प्रस्ताव प्रस्तुतकर्ताहरु मा. प्रेम सुवाल र मा. राजेन्द्रप्रसाद गौतम, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्री यादवप्रसाद कोइराला र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उप-सचिव श्री लक्ष्मी कुमार खड्काको उपस्थिति रह्यो।सो बैठकमा छलफल पश्चात देहाय बमोजिमको निर्णय भयो।

समितिका माननीय सदस्यहरुलाई योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक २०७६ र राष्ट्रिय सभामा उत्पति भएको यो विधेयकका प्रतिवेदन वितरण गरियो।उक्त विधेयकमा संशोधनको प्रस्तावकर्ता माननीय सदस्यहरु मा. प्रेम सुवाल र मा. राजेन्द्रप्रसाद गौतमले आ-आफ्ना संशोधनको सम्बन्धमा धारणा राख्नुभयो । उहाँहरुको धारणाका सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्री यादवप्रसाद कोइरालाले आफ्नो विचार प्रस्तुत गर्नुभयो।

समितिको अर्को बैठक २०७९/०४/०२ गते सोमबार बस्नेगरी आजको बैठक स्थगित भयो ।